## प्रदेश सभा, प्रदेश नं. २

## छैठों अधिवेशन

## बैठक संख्या ३

## सूचना पत्र २ (बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेष्ठ २६ गते बुधवार

---

प्रदेश सभाको छैठों अधिवेशनको तेश्रो बैठक मा० सभामुख श्री सरोज कुमार यादबको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो ।

सर्वप्रथम, मा० मुख्यमन्त्री श्री लालबाबु राउतले सशर्त अनुदानको सम्बन्धमा आफ्नो भनाई राख्नु भयो ।

ततपश्चात, मा० सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् हेरफेर कार्यविभाजन सम्बन्धी पत्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम सम्बन्धी पत्र पढेर सुनाउनु भयो ।

त्यसपछि, मा० सभामुखको अनुमतिले मा० माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादबले विनियोजन विधेयक २०७८ को सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीति सम्बन्धी सभामा छलफल गरियोस भनी प्रस्ताव पेश गर्नुभयो र उक्त छलफलमा तपसीलका माननीयज्यूहरूले भाग लिई आ-आफ्नो मन्तव्य राख्नु भयो ।

१. मा० श्री शिवचन्द्र चौधरी
२. मा० श्री रामअशिष यादब
३. मा० श्री किशोरी साह कमल
४. मा० श्री दिलिप कुमार साह
५. मा० श्री गोविन्द बहादुर न्यौपाने

ततपश्चात, मा० माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री विजय कुमार यादबले छलफलमा उठेको प्रश्नको जवाफ दिनु भयो ।

त्यसपछि, प्रदेश सभाको अर्को बैठक मिति २०७८ जेष्ठ २७ गते दिनको ३ बजे हुने जानकारी दिनु भयो ।

तद्न्तर प्रदेश सभाको बैठक २०७८ जेष्ठ २७ गते दिनको ३ बजेसम्मको लागि स्थगित भयो ।